नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
परीक्षा निर्देशनालय
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

मिति :- २०८३/०४/२१

चिकित्सा शिक्षा स्नातक तहका शैक्षिक कार्यक्रमहरूमा विद्यार्थी भर्नाका लागि लिइने एकीकृत प्रवेश परीक्षा (MECEE-BL 2027) को अनलाइन आवेदन फाराम आह्वानसम्बन्धी सूचना

चिकित्सा शिक्षा स्नातक तहका विभिन्न शैक्षिक कार्यक्रमहरूमा विद्यार्थी छनौट गर्न सञ्चालन गरिने एकीकृत प्रवेश परीक्षा (MECEE-BL 2027) मा सहभागी हुन इच्छुक योग्यता पुगेका उम्मेदवारहरूबाट मिति २०८३ श्रावण २५ गते बिहान ०९:०० बजेदेखि २०८३ भाद्र १५ गते अपरान्ह ५:०० बजेसम्म अनलाइन आवेदन आह्वान गरिएको छ । २०८३ भाद्र १५ गते अपरान्ह ५:०० बजेपछि भाद्र २२ गते अपरान्ह ५:०० बजेसम्म दोब्बर दस्तुर तिरी आवेदन गर्न सकिनेछ । देहायको योग्यता पुगेका उम्मेदवारहरूले आयोगको अनलाइन दरखास्त प्रणाली https://entrance.mec.gov.np मार्फत आवेदन दिन सक्नेछन् ।

१. प्रवेश परीक्षा सञ्चालन हुने कार्यक्रम र आवश्यक न्यूनतम योग्यताः

| क.सं. | कार्यक्रम | न्यूनतम योग्यता |
|---|---|---|
| १ | MBBS, BDS, BSc Nursing/ BSc Midwifery, BASLP, B Perfusion Technology | मान्यता प्राप्त शिक्षण संस्थाबाट फिजिक्स, केमेस्ट्री र बायोलोजी विषय अध्ययन गरी समग्रमा न्यूनतम ५० प्रतिशत वा २.४ CGPA/GPA प्राप्त गरी प्रवीणता प्रमाणपत्र तह वा कक्षा १२ उत्तीर्ण गरेको हुनुपर्नेछ ।<br>अथवा<br>ए लेभल वा सो सरहका फरक ग्रेडिङ प्रणाली भएका अन्य कार्यक्रमहरूमा पनि फिजिक्स, केमेस्ट्री र बायोलोजी विषय अध्ययन गरी समग्रमा न्यूनतम ५० प्रतिशत वा २.४ CGPA/GPA प्राप्त गरी उत्तीर्ण गरेको र समकक्षता प्राप्त गरेको हुनुपर्नेछ ।<br>अथवा<br>स्वास्थ्य विज्ञानसम्बन्धी प्रवीणता प्रमाणपत्र तह वा डिप्लोमा (जनरल मेडिसिन वा मेडिकल ल्याब टेक्नोलोजी वा अप्थाल्मिक विज्ञान वा डेन्टल विज्ञान वा फार्मेसी वा रेडियोग्राफी वा आयुर्वेद वा फिजियोथेरापी) मा समग्रमा न्यूनतम ५० प्रतिशत अङ्क प्राप्त गरी उत्तीर्ण भएको र फिजिक्स, केमेस्ट्री तथा बायोलोजी विषय अध्ययन गरी राष्ट्रिय परीक्षा बोर्डबाट समग्रमा न्यूनतम ५० प्रतिशत वा २.४ CGPA/GPA प्राप्त गरी कक्षा १२ विज्ञान समूहको समकक्षता प्राप्त |



फोन: ०१-६६३९४१३, ६६३९४१४, ६६३९४१५, ६६३९४१६, ६६३८९०२, ६६३८९०३ | इमेल: info@mec.gov.np | वेबसाइट: www.mec.gov.np

| क्र.सं. | कार्यक्रम | न्यूनतम योग्यता |
|---|---|---|
| | | गरेको र सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ । |
| २ | BAMS, BSc MLT, BSc MIT/ BSc Radiotherapy technology, BPT, B Pharm, B Optometry, | मान्यता प्राप्त शिक्षण संस्थाबाट फिजिक्स, केमेस्ट्री र बायोलोजी विषय अध्ययन गरी समग्रमा न्यूनतम ५० प्रतिशत वा २.४ CGPA/GPA प्राप्त गरी प्रवीणता प्रमाणपत्र तह वा कक्षा १२ उत्तीर्ण गरेको हुनुपर्नेछ ।<br>अथवा<br>ए-लेभल वा सो सरहका फरक ग्रेडिङ प्रणाली भएका अन्य कार्यक्रमहरूमा पनि फिजिक्स, केमेस्ट्री र बायोलोजी विषय अध्ययन गरी समग्रमा न्यूनतम ५० प्रतिशत वा २.४ CGPA/GPA प्राप्त गरी उत्तीर्ण गरेको र समकक्षता प्राप्त गरेको हुनुपर्नेछ ।<br>अथवा<br>स्वास्थ्य विज्ञानसम्बन्धी प्रवीणता प्रमाणपत्र तह वा डिप्लोमा (आयुर्वेद वा मेडिकल ल्याव टेक्नोलोजी वा रेडियोग्राफी वा फिजियोथेरापी वा फार्मेसी वा अप्थाल्मिक विज्ञान) मा समग्रमा न्यूनतम ५० प्रतिशत ल्याई उत्तीर्ण भएको (BAMS को लागि PCL in Ayurveda, BSc MLT को लागि Diploma in Health Lab, BSc MIT/BSc Radiotherapy technology को लागि Diploma in Radiography/Radiotherapy, BPT को लागि Diploma in Physiotherapy, BPharm को लागि Diploma in Pharmacy, B Optometry को लागि Diploma in Ophthalmic Science र सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ ।<br>अथवा<br>स्वास्थ्य विज्ञानसम्बन्धी प्रवीणता प्रमाणपत्र तह वा डिप्लोमा (जनरल मेडिसिन, मेडिकल ल्याब टेक्नोलोजी वा अप्थाल्मिक विज्ञान वा डेन्टल विज्ञान वा फार्मेसी वा रेडियोग्राफी वा आयुर्वेद वा फिजियोथेरापी) मा समग्रमा न्यूनतम ५० प्रतिशत अङ्क प्राप्त गरी उत्तीर्ण भएको र फिजिक्स, केमेस्ट्री तथा बायोलोजी विषय अध्ययन गरी राष्ट्रिय परीक्षा बोर्डबाट समग्रमा न्यूनतम ५० प्रतिशत वा २.४ CGPA/GPA प्राप्त गरी कक्षा १२ विज्ञान समूहको समकक्षता प्राप्त गरेको र सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ । |



फोन: ०१-६६३९४१३, ६६३९४१४, ६६३९४१५, ६६३९४१६, ६६३८९०२, ६६३८९०३ | इमेल: info@mec.gov.np | वेबसाइट : www.mec.gov.np

| क.सं. | कार्यक्रम | न्यूनतम योग्यता |
|---|---|---|
| ३ | BPH | मान्यता प्राप्त शिक्षण संस्थाबाट फिजिक्स, केमेस्ट्री र बायोलोजी विषय अध्ययन गरी समग्रमा न्यूनतम ५० प्रतिशत वा २.४ CGPA/GPA प्राप्त गरी प्रवीणता प्रमाणपत्र तह वा कक्षा १२ उत्तीर्ण गरेको हुनुपर्नेछ ।<br>**अथवा**<br>ए-लेभल वा सो सरहका फरक ग्रेडिङ प्रणाली भएका अन्य कार्यक्रमहरूमा पनि फिजिक्स, केमेस्ट्री र बायोलोजी विषय अध्ययन गरी समग्रमा न्यूनतम ५० प्रतिशत वा २.४ CGPA/GPA प्राप्त गरी उत्तीर्ण गरेको र समकक्षता प्राप्त गरेको हुनु पर्नेछ ।<br>**अथवा**<br>स्वास्थ्य विज्ञानसम्बन्धी प्रवीणता प्रमाणपत्र तह वा डिप्लोमा (जनरल मेडिसिन वा मेडिकल ल्याब टेक्नोलोजी वा अप्थाल्मिक विज्ञान वा डेन्टल विज्ञान वा फार्मेसी वा नर्सिङ वा रेडियोग्राफी वा रेडियोथेरापी वा आयुर्वेद वा फिजियोथेरापी) मा समग्रमा न्यूनतम ५० प्रतिशत अङ्क प्राप्त गरेको साथै सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ । |
| ४ | BNS/BMS | नर्सिङ विषयमा प्रवीणता प्रमाणपत्र तह वा डिप्लोमामा न्यूनतम ५० प्रतिशत वा २.४ CGPA/GPA प्राप्त गरी उत्तीर्ण गरेको र नेपाल नर्सिङ काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ । |

२. आवेदन शुल्कः

| | |
|---|---|
| आवेदन शुल्क | नेपाली आवेदकका लागि रु. ४,०००/- (कार्डमार्फत भुक्तानी गर्दा लाग्ने थप सेवा शुल्क बाहेक)<br>विदेशी आवेदकका लागि रु. ८,०००/- वा सो बराबरको रकम (कार्डमार्फत भुक्तानी गर्दा लाग्ने थप सेवा शुल्क बाहेक) । |
| शुल्क दाखिला गर्ने बैङ्क | हिमालयन बैङ्क लिमिटेड (Himalayan Bank Limited) |



फोन: ०१-६६३९४१३, ६६३९४१४, ६६३९४१५, ६६३९४१६, ६६३८९०२, ६६३८९०३ | इमेल: info@mec.gov.np | वेबसाइट : www.mec.gov.np

| | |
|---|---|
| शुल्क जम्मा गर्न सकिने सेवा प्रदायकहरू | हिमालयन बैङ्कका शाखाहरू, Connect IPS, eSewa, Khalti, Card Payment (अनलाइन माध्यमबाट शुल्क जम्मा गर्दा आयोगको फाराम भर्ने वेबपोर्टलबाट मात्र गर्नु पर्नेछ, आयोगको खातामा रकम सिधै transfer गर्नुहुँदैन) । |
| खातावालाको नाम | चिकित्सा शिक्षा आयोग, सानोठिमी (Medical Education Commission, Sanothimi) |

(क) बैङ्कमा रकम बुझाई (Counter Payment मार्फत) आवेदन शुल्क भुक्तानी गर्ने आवेदकले प्रत्येक शैक्षिक कार्यक्रमका लागि हिमालयन बैङ्कमा अलग अलग भौचर भरी रकम बुझाउनुपर्नेछ ।

(ख) आवेदन शुल्क बैंकमा नगदै जम्मा गर्नेको हकमा भौचरको कारोबार नम्बर (transaction number- TRN) को अन्तिम ६ ओटा डिजिट आवेदन फाराममा तोकिएको स्थानमा उल्लेख गर्नुपर्नेछ ।

(ग) एउटै बैंक भौचरबाट एकभन्दा बढी शैक्षिक कार्यक्रमको आवेदन शुल्क भुक्तानी गर्नु हुँदैन।

(घ) आवेदन शुल्क बुझाई सकेपछि फिर्ता हुनेछैन ।

(ङ) जुनसुकै माध्यमबाट भुक्तानी गर्दा आवेदन भर्न समस्या भएमा अर्को भुक्तानी नगरी चिकित्सा शिक्षा आयोग, परीक्षा निर्देशनालयमा सम्पर्क गर्नुपर्नेछ।

३. **विदेशी विद्यार्थीको आवेदनसम्बन्धी व्यवस्थाः**

(क) विदेशी विद्यार्थीका लागि छुट्याइएको सिटमा अध्ययन गर्न इच्छुक योग्यता पुगेका विदेशी उम्मेदवारहरूले समेत यसै सूचनामा उल्लिखित समय सिमाभित्र आफूले रोजेको शैक्षिक कार्यक्रम उल्लेख गरी अनलाइन आवेदन फाराम भर्नुपर्नेछ ।

(ख) विदेशी उम्मेदवारले फाराम भर्दा निम्नानुसारका दुईमध्ये कुनै एकमात्र विकल्प रोजी आवेदन दिनुपर्नेछ ।

i. आयोगबाट सञ्चालन हुने प्रवेश परीक्षामा सहभागी हुने Foreign Sub-category I

ii. आयोगबाट सञ्चालित प्रवेश परीक्षामा सहभागी नभई सम्बन्धित राष्ट्रको राष्ट्रियस्तरको पछिल्लो एकीकृत प्रवेश परीक्षामा सहभागी भएका Foreign Sub-category II

(ग) विदेशी विद्यार्थीका लागि छुट्याइएको सिटमा भर्नाका लागि म्याचिङ गर्दा आयोगबाट सञ्चालित प्रवेश परीक्षामा सहभागी भई विदेशी समूह (Foreign Sub-category I) को योग्यताक्रममा रहेका उम्मेदवारलाई पहिलो प्राथमिकता हुनेछ ।

(घ) Foreign Sub-category II का लागि Foreign Sub-category I को म्याचिङ पश्चात् रिक्त हुन आउने सिटमा म्याचिङ हुने शर्त मञ्जुर गरी सम्बन्धित राष्ट्रको राष्ट्रियस्तरको पछिल्लो



फोन: ०१-६६३९४१३, ६६३९४१४, ६६३९४१५, ६६३९४१६, ६६३८९०२, ६६३८९०३ | इमेल: info@mec.gov.np | वेबसाइट : www.mec.gov.np

एकीकृत प्रवेश परीक्षाको प्राप्ताङ्कको आधारमा भर्ना हुनका लागि तोकिएको समयावधिभित्र रितपूर्वक आवेदन गरेका परीक्षार्थीहरूको योग्यताक्रम अनुसार म्याचिङ गरिनेछ । यस बुँदा बमोजिम योग्यताक्रम निर्धारण गर्ने प्रयोजनका लागि विदेशी उम्मेदवारले सम्बन्धित राष्ट्रको पछिल्लो एकीकृत प्रवेश परीक्षाको नतिजामा न्यूनतम ५० औं पर्सेन्टाइल वा नतिजा प्रतिशत प्रणालीमा रहेको भएमा ५० प्रतिशत अङ्क प्राप्त गरेको प्रमाणपत्र दरखास्त पेश गर्दा अनिवार्य अपलोड गरेको हुनुपर्नेछ ।

(ङ) विदेशी विद्यार्थीका लागि अङ्ग्रेजी भाषामा आयोगको वेबसाइटमा अलग्गै विस्तृत सूचना प्रकाशित गरिएको छ ।

**४. प्रवेश परीक्षाको किसिम, समय, पूर्णाङ्क र उत्तीर्णाङ्कः**

(क) प्रवेश परीक्षाको प्रश्नपत्र वस्तुगत र उत्तरपुस्तिका OMR Sheet हुनेछ । परीक्षा लिखित रूपमा सञ्चालन हुनेछ ।

(ख) परीक्षाको समयावधि तीन घण्टा र पूर्णाङ्क २०० हुनेछ ।

(ग) प्रत्येक सही उत्तरका लागि एक अङ्क प्राप्त हुनेछ र गलत उत्तरका लागि ०.२५ का दरले अङ्क घटाइने छ ।

(घ) एकीकृत प्रवेश परीक्षाको योग्यताक्रममा समावेश हुनका लागि न्यूनतम ५० औं पर्सेन्टाइल वा सोभन्दा माथि रहेको हुनुपर्नेछ ।

(ङ) बुँदा (४घ) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपलब्ध सिट सङ्ख्याको दोब्बरभन्दा कम परीक्षार्थी परीक्षामा उपस्थित भएको अवस्थामा उक्त शैक्षिक कार्यक्रमका लागि ५०% वा सोभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारलाई योग्यताक्रममा सामेल गर्न बाधा पर्ने छैन ।

**५. परीक्षा सञ्चालन हुने कार्यक्रम, मिति र समयः** पछि प्रकाशन गरिने छ ।

**६. परीक्षा केन्द्रः**

परीक्षा केन्द्र काठमाडौं उपत्यका भित्र हुनेछ । परीक्षा केन्द्रसम्बन्धी विवरण प्रवेश पत्रमा उल्लेख हुनेछ ।

**७. प्रवेश पत्रः**

आवेदन फाराम स्वीकृत भएका उम्मेदवारहरूले आफ्नो प्रोफाइल मार्फत निम्न प्रक्रिया पूरा गरी प्रवेश परीक्षा हुने दिनभन्दा पाँच दिन अघिबाट प्रवेश पत्र प्राप्त गर्न सकिनेछः

(क) आयोगको अनलाइन दरखास्त प्रणाली https://entrance.mec.gov.np मा Browse गरी आफ्नो प्रोफाइल लगइन (Profile login) गर्ने,

(ख) **Application** menu मा क्लिक गर्ने,



फोनः ०१-६६३९४१३, ६६३९४१४, ६६३९४१५, ६६३९४१६, ६६३८९०२, ६६३८९०३ | इमेलः info@mec.gov.np | वेबसाइटः www.mec.gov.np

(ग) **MECEE-BL 2027** को View details बटनमा क्लिक गर्ने,

(घ) आफूले फाराम भरेको Program को **Download Admit Card** बटनमा क्लिक गरी प्रवेश पत्र डाउनलोड गर्ने,

(ङ) डाउनलोड भएको प्रवेश पत्रलाई कलरमा प्रिन्ट गर्नुपर्नेछ ।

८. उम्मेदवारले पेश गर्नुपर्ने प्रमाणपत्र र कागजातः

देहायका प्रमाणपत्र/कागजातहरूको सक्कलप्रतिको स्क्यान कपी पेश गर्नुपर्नेछ । फोटोकपीको स्क्यानप्रतिलाई मान्यता दिइने छैन ।

(क) उम्मेदवारको हालसालै खिचिएको पासपोर्ट साइजको फोटोको डिजिटलप्रति ।

(ख) नेपाली उम्मेदवारको हकमा नागरिकताको प्रमाणपत्र र राष्ट्रिय परिचय-पत्रको स्क्यानप्रति । नेपाली उम्मेदवारको लागि राष्ट्रिय परिचय-पत्र नम्बर र राष्ट्रिय परिचय-पत्रको सक्कलप्रतिको स्क्यानप्रति वा सक्कलप्रति प्राप्त भई नसकेकाको हकमा राष्ट्रिय परिचय-पत्र नम्बर खुल्ने/प्रमाणित हुने सम्बन्धित निकायबाट जारी प्रमाणको स्क्यानप्रति अनिवार्य गरिएको छ ।

(ग) विदेशी उम्मेदवारको हकमा राहदानी वा इ-आधारकार्डको स्क्यानप्रति ।

(घ) डिप्लोमा वा प्रवीणता प्रमाणपत्र तह वा कक्षा १२ वा सो सरहको ट्रान्सक्रिप्टको स्क्यानप्रति।

(ङ) विदेशी वोर्डबाट अध्ययन गरेका नेपाली आवेदकहरूको हकमा समकक्षता प्रमाणपत्रको स्क्यानप्रति ।

(च) लाइसेन्स आवश्यक पर्ने विषयको हकमा सम्बन्धित काउन्सिलबाट जारी भई म्याद कायम भएको लाइसेन्सको स्क्यानप्रति ।

(छ) छात्रवृत्ति प्रयोजनको लागि तोकिएको आरक्षित समूहमा उम्मेदवार हुन चाहने व्यक्तिले आफू सो समूहको भएको व्यहोरा प्रमाणित हुने गरी देहायका निकायबाट जारी भएको प्रमाणित कागजातको स्क्यानप्रति ।

i. शहिदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, घाइते योद्धाहरूको परिवार र द्वन्द्व पीडित समूहका व्यक्तिले सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट प्रदान गरिएको प्रमाण ।

ii. दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारू, मुस्लिमको हकमा सम्बन्धित आयोग, जिल्ला प्रशासन कार्यालय वा स्थानीय तहबाट प्रमाणित गरिएको प्रमाण।

iii. अपाङ्गता भएका व्यक्तिको हकमा अपाङ्गता परिचय पत्र ।

iv. सामुदायिक विद्यालयमा अध्ययन गरेको व्यक्तिले चिकित्सा शिक्षा आयोगबाट निर्धारित ढाँचामा सामुदायिक विद्यालयमा कक्षा ६ देखि कक्षा १० सम्म अध्ययन गरेको पुष्टि हुने गरी सम्बन्धित विद्यालयका प्रधानाध्यापकले प्रमाणित गरेको फाराममा स्थानीय तहको शिक्षा शाखा प्रमुखबाट प्रमाणित गरिएको प्रमाण ।उक्त



फोन : ०१-६६३९४१३, ६६३९४१४, ६६३९४१५, ६६३९४१६, ६६३८९०२, ६६३८९०३ | इमेल: info@mec.gov.np | वेबसाइट : www.mec.gov.np

फाराम https://mec.gov.np वेवसाइटमा गई प्रकाशनमा क्लिक गरी नमूना फारम प्राप्त गर्न सकिनेछ ।

v. पिछडिएको क्षेत्र (अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु, हुम्ला) का व्यक्तिले सम्बन्धित जिल्लाबाट प्राप्त गरेको नेपाली नागरिकताको प्रमाण-पत्र तथा सम्बन्धित स्थानीय तहबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी मिति २०८३/०३/२१ गते पछि प्रमाणित गरेको प्रमाण ।

(ज) उम्मेदवारको फोटो, प्रमाणपत्र तथा कागजातको स्क्यानप्रति/फोटोको साइज र गुणस्तर देहायबमोजिम हुनुपर्नेछ ।

आवेदकको फोटो **(photo)**

i. **Image file format:** The image must be in the JPEG/JPG format with good quality.
ii. **Image file size:** The maximum image file size is 200KB (kilobytes).
iii. **Image resolution:** Should NOT be crispy or blurry.

प्रमाणपत्र **(certificate)** वा अन्य कागजात **(document)** को स्क्यानप्रति

i. **File format:** JPEG वा PDF
ii. **File size:** The maximum file size is 200KB for JPEG and 500KB for PDF.
iii. **Resolution:** Should NOT be crispy or blurry.

९. अनलाइन आवेदन फाराम भर्नका लागि प्रोफाइल तयार पार्ने र आवेदन फाराम पेश गर्ने तरिका:

अघिल्लो वर्षहरूमा सञ्चालित एकीकृत प्रवेश परीक्षामा आवेदन भरेका उम्मेदवारहरूले प्रोफाइल रजिष्टर गर्दा राखेको User ID र Password प्रयोग गरी सोही प्रोफाइलमार्फत आफ्ना विवरणहरू अद्यावधिक गरी तथा नयाँ उम्मेदवारहरूले तपसिलबमोजिम Account तथा प्रोफाइल तयार पारी देहायका प्रक्रिया अनुसार आवेदन दिनुपर्नेछ ।

तपसिल

सर्वप्रथम उम्मेदवारले आफ्नो इमेल आइडी र पासवर्ड प्रयोग गरी प्रोफाइल बनाउनु पर्नेछ र यो प्रोफाइल चिकित्सा शिक्षा आयोगको एकीकृत प्रवेश परीक्षा दिनका लागि सधैंलाई प्रयोग हुनेछ ।

(क) Account तथा प्रोफाइल तयार पार्ने प्रक्रिया:

i. आवेदन फाराम भर्नका लागि सर्वप्रथम चिकित्सा शिक्षा आयोगको वेबसाइट https://mec.gov.np मा प्रवेश गरी सबैभन्दा माथिपट्टी रहेको Online Application लेखिएको स्थानमा क्लिक गर्नुपर्दछ । त्यसपछि खुल्ने पेजको दायाँपट्टी रहेको Login बटनमा क्लिक गरी खुल्ने पेजमा Don't have an account ? Register here लिङ्कमा क्लिक गर्नुपर्दछ ।

अथवा,

वेब ब्राउजरमा https://entrance.mec.gov.np/account टाइप गरी लगइन वा रजिस्टर पेजमा प्रवेश गरी Don't have an account ? Register here लिङ्कमा क्लिक गर्नुपर्दछ ।

ii. यसपछि खुल्ने पेजमा नेपाली आवेदकको हकमा Nationality मा Nepalese र विदेशी आवेदकको हकमा Foreign मा क्लिक गरी आफ्नो Full Name, Email, Contact Number, Password, Confirm Password भरेर Register बटनमा क्लिक गरी आफ्नो युजर बनाउनु पर्नेछ ।

iii. आफूले उल्लेख गरेको इमेल ठेगानामा इमेल आइडी भेरिफिकेसन (verification) का लागि इमेल आउनेछ । आफ्नो इमेल आइडी login गरी Click here to verify लिङ्कमा क्लिक गरेपछि प्रोफाइल रजिष्टर गर्दा राखेको इमेललाई User Name को बक्समा र पासवर्डलाई Password बक्समा राखेर login बटनमा क्लिक गर्नुपर्नेछ ।

iv. पहिलो पटक आफ्नो प्रोफाइल login गर्दा अनलाइन आवेदन फाराम भर्ने प्रणालीमा आफ्नो इमेल भेरिफिकेसन (email verification) नभएको भए Please verify your email to continue भन्ने सन्देश देखिनेछ र दर्ता गरिएको इमेल ठेगानामा प्राप्त भएको इमेल सन्देशको लिङ्कमा क्लिक गरी इमेल आइडी भेरिफिकेसन गर्नुपर्नेछ । यदि रजिस्टर गरेको इमेल आइडीमा भेरिफिकेसन सन्देश नआएको खण्डमा आफ्नो आवेदन फाराम भर्ने प्रोफाइलमा login गरी Please verify your email to continue भन्ने सन्देशसँगै रहेको रिसेण्ड (Resend) बटनमा क्लिक गरी इमेल आइडीमा गई माथिको प्रक्रिया अनुसार आफ्नो इमेल आइडी भेरिफाइ गर्नुपर्नेछ ।

v. इमेल आइडी भेरिफाइ भईसकेपछि चिकित्सा शिक्षा आयोगको एकीकृत प्रवेश परीक्षाको अनलाइन प्रणालीमा पुनः login गरेर मुख्य ड्यासबोर्ड (dashboard) मा क्लिक गर्नुपर्नेछ ।

vi. पहिलो पटक प्रोफाइल तयार गर्दा निर्धारित शुल्क भुक्तानी गरेपछिमात्र अन्य विवरण भर्न सकिने भएकाले शुल्क भुक्तानीका लागि Make Payment बटनमा क्लिक गर्नुपर्नेछ ।

vii. यसपछि सूचनामा उल्लेख भएका सबै शैक्षिक कार्यक्रमहरूको सूची देखापर्छ । न्यूनतम योग्यता पुगेका शैक्षिक कार्यक्रमहरूको शुरूमा रहेको चेकबक्समा क्लिक गरी आफूले फाराम भर्न चाहेका कार्यक्रमहरू छनौट गर्नुपर्नेछ । कार्यक्रमगत रूपमा भुक्तानी गर्नुपर्ने जम्मा रकम आफूले छनौट गरेको शैक्षिक कार्यक्रमको तलतिर देखिने छ । आफूले भुक्तानी गर्न चाहेको भुक्तानीको माध्यमको बटनमा क्लिक गरी शुल्क भुक्तानी गर्नुपर्नेछ । बैङ्कको शाखामा नगदै जम्मा गर्ने भएमा प्रत्येक शैक्षिक कार्यक्रमको दाहिने पट्टी रहेको Update counter payment voucher बटनमा क्लिक



फोन: ०१-६६३९४१३, ६६३९४१४, ६६३९४१५, ६६३९४१६, ६६३८९०२, ६६३८९०३ | इमेल: info@mec.gov.np | वेबसाइट: www.mec.gov.np

गरी भौचर नम्बरको अन्तिम ६ वटा डिजिट र बैङ्क भौचरमा उल्लेख गरेको मोबाइल नम्बर राखी Submit बटन क्लिक गर्नुपर्नेछ ।

viii. शुल्क भुक्तानी गरिसकेपछि Dashboard मा रहेको Start Registration मेनुमा क्लिक गरेर आफ्नो व्यक्तिगत विवरण र सोसँग सम्बन्धित कागजातहरू संलग्न गरी Save and continue बटनमा क्लिक गर्नुपर्नेछ ।

ix. Qualifications खण्डमा शैक्षिक विवरण र सोसँग सम्बन्धित कागजातहरू राखी Save and continue बटनमा क्लिक गरी सुरक्षित गर्नुपर्नेछ । कक्षा १२ वा सो सरहको ट्रान्सक्रिप्ट अनिवार्य रूपमा अपलोड गर्नुपर्नेछ ।

x. Professional Council आवश्यक पर्नेको हकमा प्रोफाइलको Professional Council खण्डमा रहेको Add New बटनमा क्लिक गरी आफ्नो काउन्सिल रजिस्ट्रेसनको कागजात सहित विवरणहरू उल्लेख गरी काउन्सिल रजिस्ट्रेसनको विवरण सुरक्षित गर्नुपर्नेछ ।

xi. Experience खण्डका विवरणहरू आवश्यक नभएकोले भर्नुपर्ने छैन ।

xii. Reservation खण्डमा आफूले फाराम भर्ने आरक्षण समूह (Female, Dalit, Adibasi ...) को अगाडि रहेको चेकबक्समा क्लिक गरी सो सँग सम्बन्धित कागजात राखी Save and continue बटनमा क्लिक गरी सुरक्षित गर्नुपर्नेछ ।

xiii. आफ्नो प्रोफाइल तयार भईसकेपछि फाराम पेश (Submit) नगरेसम्म विवरण तथा कागजातहरू थप गर्न वा सच्याउन सकिनेछ ।

xiv. सबै विवरणहरू भरी कागजात अपलोड गरिसकेपछि आफूले भरेका प्रत्येक कार्यक्रमका फाराम एक/एक गरी पेश (submit) गर्नुपर्नेछ ।

(ख) **आवेदन फाराम पेश गर्ने प्रक्रियाः**

i. आवेदन पेश गर्नका लागि Dashboard मेनुमा रहेको Submit Program Application मा क्लिक गरी आवेदन दिन चाहेको शैक्षिक कार्यक्रममा रहेको Apply मा क्लिक गरेर सबै विवरण रुजु गरी आफूले आवेदन दिन चाहेको आरक्षण समूहमा Tick लगाएर अन्त्यमा रहेको Save and Submit Application मा क्लिक गर्नु पर्नेछ ।

ii. आफ्नो फाराम पेश भएपश्चात् त्यसको जानकारी प्रोफाइलमा देखापर्छ । कुनै विवरण नमिलेको भए error म्यासेज देखापर्नेछ र आफ्नो विवरण पुनः रुजु गरी माथिकै प्रक्रियाबाट पुनः फाराम पेश गर्नुपर्नेछ ।

iii. फाराम पेश (submit) गरिसकेपछि In Progress भनेर Status अपडेट हुन्छ यसपछि कुनैपनि विवरण सच्याउन सकिने छैन ।

iv. Dashboard मेनुमा रहेको Submit Program Application मा क्लिक गरेपछि खुल्ने पेजमा रहेको Download Confirmation Page बाट Confirmation Page डाउनलोड



फोन: ०१-६६३९४१३, ६६३९४१४, ६६३९४१५, ६६३९४१६, ६६३८९०२, ६६३८९०३ | इमेल: info@mec.gov.np | वेबसाइट : www.mec.gov.np

गर्न सकिनेछ । Confirmation Page नदेखिएसम्म फारम पेश (Submit) भएको हुनेछैन ।

१०. छात्रवृत्तिमा छनोटसम्बन्धी व्यवस्थाः

(क) राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ (संशोधनसहित) को नियम २० बमोजिम नेपाल सरकारलाई स्नातक तहका लागि प्राप्त हुने कुल छात्रवृत्ति सिटमध्ये पचपन्न प्रतिशत सिट खुला प्रतियोगिताबाट कायम भएको योग्यताक्रमबाट र पैंतालीस प्रतिशत सिट देहायको प्रतिशतका आधारमा आरक्षित छात्रवृत्ति सिट वितरण गरिनेछः

i. महिला - तेत्तीस प्रतिशत
ii. दलित - नौ प्रतिशत
iii. आदिवासी जनजाति - पन्ध्र प्रतिशत
iv. खस आर्य - सत्र प्रतिशत
v. मधेशी - बाह्र प्रतिशत
vi. थारू - चार प्रतिशत
vii. मुस्लिम - दुई प्रतिशत
viii. पिछडिएको क्षेत्रका व्यक्ति - चार प्रतिशत
ix. अपाङ्गता भएको व्यक्ति - दुई प्रतिशत
x. शहिदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, घाइते योद्धाहरूको परिवार र द्वन्द्व पीडित - दुई प्रतिशत

(ख) आरक्षण गरिएको सिटमा सामुदायिक विद्यालयबाट कक्षा छ देखि माध्यमिक तहको कक्षा दशको अन्त्यमा हुने परीक्षा (एसईई) उत्तीर्ण गरेका उम्मेदवार नभएमा नेपालभित्रका अन्य विद्यालयबाट माध्यमिक तहको कक्षा दशको अन्त्यमा हुने परीक्षा उत्तीर्ण गरेका सोही समुदायका उम्मेदवारलाई छनौट गरिनेछ ।

(ग) बुँदा (१०क) बमोजिम महिलाका लागि छुट्याइएको तेत्तीस प्रतिशत सिटमध्ये तीन प्रतिशत सिट दलित समुदायका महिला र दुई प्रतिशत सिट मुस्लिम समुदायका महिलाका लागि हुनेछ ।

(घ) बुँदा (१०क) बमोजिम मधेशी समुदायका लागि छुट्याइएको बाह्र प्रतिशत सिटमध्ये तीन प्रतिशत सिट मधेशी दलित समुदायका व्यक्तिका लागि हुनेछ ।



फोन: ०१-६६३९४१३, ६६३९४१४, ६६३९४१५, ६६३९४१६, ६६३८९०२, ६६३८९०३ | इमेल: info@mec.gov.np | वेबसाइट : www.mec.gov.np

(ङ) बुँदा (१०क) बमोजिम दलित समुदायका महिला र मुस्लिम समुदायका महिलाका लागि छुट्याइएको सिटमा सम्बन्धित समुदायका महिला उपलब्ध नभएमा त्यस्तो सिटमा योग्यताक्रम अनुसारका अन्य समुदायका महिलालाई छनौट गरिनेछ ।

(च) बुँदा (१०क) बमोजिम मधेशी दलित समुदायका लागि छुट्याइएको सिटमा सम्बन्धित समुदायका व्यक्ति उपलब्ध नभएमा त्यस्तो सिटमा मधेशी समुदायका योग्यताक्रममा रहेका अन्य उम्मेदवारलाई छनौट गरिनेछ ।

(छ) कुनै समूहका लागि छुट्याइएको सिटमा सो समूहको उम्मेदवार प्रवेश परीक्षामा सफल हुन नसकेमा त्यस्तो समूहलाई छुट्याइएको सिट खुला समूहमा परिणत गरिने छ ।

## ११. प्रवेश परीक्षा सञ्चालनसम्बन्धी व्यवस्था:

(क) प्रवेश परीक्षा दिन आउँदा प्रवेश पत्र र आवेदन फाराम साथ पेश गरेको परिचयपत्र (नेपाली आवेदकको हकमा सक्कल नागरिकताको प्रमाणपत्र र राष्ट्रिय परिचय-पत्र र विदेशी आवेदकको हकमा राहदानी वा ई-आधारकार्ड) अनिवार्य रूपमा ल्याउनु पर्नेछ । उक्त कागजातहरूको फोटोकपीलाई मान्यता दिइने छैन । उल्लिखित कागजातहरू नल्याउने परीक्षार्थीलाई परीक्षामा सामेल गराइने छैन ।

(ख) प्रत्येक परीक्षार्थीको आवश्यक सुरक्षा जाँच गरिने हुँदा परीक्षा शुरू हुने समयभन्दा दुई घण्टा अगावै परीक्षा केन्द्रमा उपस्थित हुनुपर्नेछ । परीक्षार्थीको आवश्यक सुरक्षा जाँच परीक्षा केन्द्रभित्र प्रवेश गर्नुभन्दा अघि र पछि पनि गर्न सकिनेछ ।

(ग) परीक्षा केन्द्रमा परीक्षार्थीहरूको बायोमेट्रिक विवरण सङ्कलन गरिनेछ ।

(घ) परीक्षार्थीको कान तथा चश्मा पनि जाँच गर्न सकिनेछ । पावर चश्मा बाहेक अन्य कुनै खालको चश्मा साथै हेयरिङ एडसमेत लगाउन पाइने छैन ।

(ङ) परीक्षार्थीहरूले क्यालकुलेटर, पेजर, मोबाइल फोन, ब्लूटुथ, आइप्याड, ट्याबलेटका साथै अन्य कुनैपनि विद्युतीय उपकरण एवम् ब्याग, वालेट, पर्स, घडी, टिपेक्स लगायतका अन्य सामग्रीहरू परीक्षा केन्द्रमा लैजान तथा कुनैपनि गरगहनासमेत लगाउन पाइने छैन।

(च) प्रवेश परीक्षा शुरू भएको १५ मिनेटपछि आउने परीक्षार्थीलाई परीक्षा हलमा प्रवेश गर्न दिइने छैन ।

(छ) परीक्षार्थीलाई आवश्यक पर्ने कालो रङ्गको मसी भएको कलम परीक्षा हलमा उपलब्ध गराइनेछ र सोही कलम प्रयोग गरी परीक्षा दिनुपर्नेछ ।

(ज) उत्तरपुस्तिका (OMR Sheet) मा आफूलाई सही लागेको उत्तरको गोलो घेरा (bubble) भित्र दिइएको कलमले पुरै भर्नुपर्नेछ । खुर्केको, केरमेट गरेको, च्यातिएको उत्तरहरूको कुनै अङ्क प्राप्त हुने छैन् ।



फोन: ०१-६६३९४१३, ६६३९४१४, ६६३९४१५, ६६३९४१६, ६६३८९०२, ६६३८९०३ | इमेल: info@mec.gov.np | वेबसाइट : www.mec.gov.np

(झ) निर्धारित तीन घण्टा समय समाप्त भएपछि मात्र परीक्षार्थीलाई परीक्षा हलबाट बाहिर जान दिइनेछ ।

(ञ) नक्कली परीक्षार्थी खडा गरी परीक्षा दिएमा वा दिने प्रयास गरेको पाइएमा त्यस्ता परीक्षार्थीको परीक्षा रद्द गरी कानुनी कारबाही गरिनेछ ।

(ट) परीक्षाको मर्यादा विपरित कार्य गर्ने गराउने व्यक्तिलाई प्रचलित कानुनबमोजिम कारबाही गरिनेछ ।

**१२. नतिजा प्रकाशन, म्याचिङ तथा भर्ना प्रक्रियाः**

(क) प्रवेश परीक्षाको नतिजा प्रकाशन पश्चात् अनलाइन प्रणाली मार्फत शिक्षण संस्था/शैक्षिक कार्यक्रमको प्राथमिकता निर्धारण गर्न (online priority setting) का लागि सूचना प्रकाशित गरिनेछ । प्राथमिकता निर्धारण नगर्ने उम्मेदवारलाई समापन म्याचिङ (wrap-up matching) बाहेक अन्य म्याचिङमा समावेश गरिने छैन ।

(ख) म्याचिङसम्बन्धी सूचना प्रवेश परीक्षाको नतिजा पश्चात् प्रकाशन गरिनेछ ।

(ग) विदेशी विद्यार्थीहरूको लागि छुट्याइएको सिटमा सो समूहको प्रवेश परीक्षाको योग्यताक्रममा रहेका उम्मेदवारहरूको शिक्षण संस्था र शैक्षिक कार्यक्रमको छनौट गर्न Biometric Verification सहित भौतिक उपस्थितिमा Open House Matching गरिनेछ।

(घ) उम्मेदवार स्वयम्ले अनलाइन प्रणाली मार्फत तोकिएको समयमा निर्धारण गरेको प्राथमिकताका साथै आरक्षण समूह र शिक्षण संस्थामा उपलब्ध सिटबमोजिम उम्मेदवारको योग्यताक्रम अनुसार चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा तथा विद्यार्थी भर्नासम्बन्धी कार्यविधि, २०८३ को आधार र प्रक्रिया पूरा गरी आयोगको वेबसाइटमा भर्ना सूची प्रकाशन गरिनेछ ।

(ङ) छात्रवृत्ति र विदेशी समूहको म्याचिङ पहिला गरिनेछ । छात्रवृत्ति तथा विदेशी विद्यार्थीका लागि छुट्याइएका सिटहरू उक्त समूहहरूको भर्ना पश्चात् रिक्त हुन गएमा सःशुल्कतर्फका सिटमा परिणत गरिनेछ ।

(च) प्रवेश परीक्षाको नतिजामा जुन समूहको योग्यताक्रममा रहेको छ सोही समूहका लागि छुट्याइएको सिटमामात्र म्याचिङमा सहभागी हुन पाइनेछ ।

(छ) म्याचिङ भई छनोट भएका उम्मेदवारले भर्नाका लागि विश्वविद्यालय वा प्रतिष्ठानले तोकेबमोजिम सक्कलै प्रमाणपत्र/कागजात र सोको फोटोकपी पेश गर्नुपर्नेछ ।

(ज) कुनै उम्मेदवारले प्रवेश परीक्षा र भर्ना प्रक्रियामा झुटा विवरण पेश गरी भर्ना भएको रहेछ भने कुनै पनि समयमा भर्ना खारेज हुन सक्नेछ ।



फोनः ०१-६६३९४१३, ६६३९४१४, ६६३९४१५, ६६३९४१६, ६६३८९०२, ६६३८९०३ | इमेलः info@mec.gov.np | वेबसाइटः www.mec.gov.np

१३. कबुलियतनामाः

छात्रवृत्तिमा छनौट हुने विद्यार्थीले भर्नाका बखत राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ (संशोधनसहित) को अनुसूची-६ बमोजिमको कबुलियतनामा गर्नुपर्नेछ ।

१४. विविधः

(क) प्रवेश परीक्षामा सम्मिलित हुन आवेदन दिनका लागि बनाइएको परीक्षार्थीको व्यक्तिगत प्रोफाइलमा पटकपटक login गरी उपयोग गर्नुपर्ने भएको हुनाले login गर्ने पासवर्ड गोप्य र सुरक्षितसाथ राख्नु पर्नेछ ।

(ख) आवेदकले आफ्नो प्रोफाइलबाट परीक्षा आवेदन कन्फर्मेसन पेज, परीक्षा प्रवेश पत्र, स्कोरकार्ड, भर्ना कार्ड लगायतका विवरणहरू प्रोफाइलको सम्बन्धित डाउनलोड बटनमा क्लिक गरी सुरक्षित राख्नुपर्ने हुन्छ ।

(ग) परीक्षा निर्देशनालयमा निवेदन वा पत्राचार वा इमेल आदानप्रदान गर्दा परीक्षा रोल नम्बर कायम नहुँदासम्म कार्यक्रम, नाम, मोबाइल नम्बर, भौचर नम्बर र परीक्षा रोल नम्बर कायम भएपछि रोल नम्बर लगायतका परीक्षार्थी पहिचानका व्यक्तिगत विवरणहरू अनिवार्यरूपमा उल्लेख गर्नुपर्नेछ । एकै व्यक्तिले पटक पटक इमेल गर्नु परेमा पहिलाकै इमेल थ्रेडमा रिप्लाइ वा फर्वार्ड गरी लेख्नु पर्नेछ । यस प्रवेश परीक्षासँग सम्बन्धित अत्यावश्यक विषयमा इमेलमार्फत पत्राचार गर्दा निर्देशनालयको इमेल ठेगाना entrance@mec.gov.np मा गर्नुपर्नेछ ।

(घ) देहायको क्युआर कोड स्क्यान गरी परीक्षा आवेदन फाराम भर्नका लागि आयोगले सञ्चालनमा ल्याएको आवेदन फाराम भर्ने वेबपोर्टल र पाठ्यक्रम (syllabus) को पेजमा जान सकिनेछ ।

फाराम भर्ने पोर्टल

पाठ्यक्रमको पोर्टल

द्रष्टव्यः

(क) आयोगबाट तोकिएको म्यादभित्र पेश नभएको वा योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको ढाँचा अनुसार नभएको दरखास्त स्वीकृत गरिने छैन ।



फोन: ०१-६६३९४१३, ६६३९४१४, ६६३९४१५, ६६३९४१६, ६६३८९०२, ६६३८९०३ | इमेलः info@mec.gov.np | वेबसाइट : www.mec.gov.np

(ख) दरखास्तसाथ संलग्न प्रमाणपत्र तथा कागजातहरू दरखास्त दिने अन्तिम मितिभित्र पेस गरेको हुनुपर्नेछ ।

(ग) परीक्षा रोल नम्बर र प्रश्नपत्रको सेट सही रूपमा बबल नगरिएका उत्तरपुस्तिका रद्द गरिनेछ।

(घ) आवेदन फाराम भर्दा कुनै समस्या आइपरेमा आयोगको मोवाइल नम्बर ९८५१३१८४९८ मा कार्यालय समयभित्र सम्पर्क गरी आवश्यक सहयोग लिन सकिनेछ ।

(ङ) सिट सम्बन्धी विवरण आयोगको वेबसाइटमा प्रकाशन गरिनेछ ।

(च) परीक्षार्थीले प्रवेश पत्रमा उल्लेख भएका सम्पूर्ण विवरणहरू अध्ययन गरी पालना गर्नुपर्नेछ ।

(छ) अनलाइन फाराम र प्रवेश परीक्षा शुल्क तिरेको भौचरमा परीक्षार्थी स्वयम्को एउटै मोबाइल नम्बर उल्लेख गरेको हुनुपर्नेछ ।

(ज) आयोगबाट प्रकाशित फाराम भर्ने सूचनालाई अध्ययन गरेर मात्र आवेदन फाराम भर्नुपर्नेछ ।

(झ) एकभन्दा बढी पाना भएका प्रमाणपत्र वा कागजातको हकमा सबै पानाको विवरण आउने गरी सक्कल कागजातबाटै फोटो खिची वा स्क्यान गरी एउटै पिडिएफ बनाई अपलोड गर्नुपर्नेछ ।

(ञ) एकभन्दा बढी कार्यक्रमका लागि आवेदन दिने उम्मेदवारले परीक्षा तालिकाबमोजिम परीक्षा नजुध्ने गरी फाराम भर्नुपर्नेछ ।

(ट) एकभन्दा बढी शैक्षिक कार्यक्रमका लागि आवेदन फाराम भर्ने उम्मेदवारहरूले सबै कार्यक्रमहरूमा एउटै व्यक्तिगत विवरण, हस्ताक्षर, मोबाइल नम्बर र फोटो पेश गर्नुपर्नेछ ।

(ठ) प्रत्येक शैक्षिक कार्यक्रमका लागि छुट्टाछुट्टै योग्यताक्रम र म्याचिङ गरिनेछ तर कुनै उम्मेदवार कुनै एक शैक्षिक कार्यक्रममा म्याचिङ भई भर्ना भइसके पश्चात् अन्य सबै कार्यक्रमको म्याचिङ प्रक्रियाबाट हटाइनेछ ।

(ड) दरखास्त फारामको महलहरूमा उल्लेख भएबमोजिमका विवरणहरू स्पष्ट खुलाउनुपर्नेछ ।

(ढ) दरखास्तमा उल्लेख गरेको विवरणको सम्बन्धमा उम्मेदवार स्वयम् पूर्ण जवाफदेही हुनुपर्नेछ ।

(ण) आयोगबाट सञ्चालन हुने एकीकृत प्रवेश परीक्षा, म्याचिङ, भर्ना लगायतका विषयहरूमा थप जानकारी लिनको लागि आयोगको वेबसाइट https://mec.gov.np मा प्रवेश गरी राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५, राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ (संशोधनसहित), चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा तथा विद्यार्थी भर्नासम्बन्धी कार्यविधि, २०८३ लगायतका कानुनी दस्ताबेजहरू, आयोगबाट प्रकाशित सूचनाहरू अध्ययन गर्नुका साथै विभिन्न जानकारीमूलक भिडियोहरूसमेत हेर्नुहुन अनुरोध छ।

*नोटः शिक्षण संस्थागत र कार्यक्रमगत सिट बाँडफाँटको विवरण पछि प्रकाशन गरिनेछ ।*

२०८३।०४।२९

मञ्जु अधिकारी
उपसचिव



फोन: ०१-६६३९४१३, ६६३९४१४, ६६३९४१५, ६६३९४१६, ६६३८९०२, ६६३८९०३ | इमेल: info@mec.gov.np | वेबसाइट : www.mec.gov.np